# संघीय संसद
# प्रतिनिधि सभा

एघारौं अधिवेशन

बैठक संख्या - २०

## दैनिक कार्यसूची

२०७९ जेठ २७ गते

**शुक्रबार**

बिहान ११:०० बजे

### व्यवस्थापन कार्य

१. मा० कानुन, न्याय तथा संसदीय मामिला मन्त्री श्री गोविन्द प्रसाद शर्मा (कोइराला)लेः-

(क) "यौन हिंसा विरुद्धका केही ऐनलाई संशोधन गर्ने विधेयक, २०७९ लाई दफावार छलफलको लागि सम्बन्धित समितिमा पठाईयोस्" भनी प्रस्ताव प्रस्तुत गर्नुहुने ।

(ख) "फौजदारी कसूर तथा फौजदारी कार्यविधि सम्बन्धी केही ऐन संशोधन गर्ने विधेयक, २०७९ लाई दफावार छलफलको लागि सम्बन्धित समितिमा पठाईयोस्" भनी प्रस्ताव प्रस्तुत गर्नुहुने ।

### विनियोजन विधेयकमाथिको छलफल जारी

२. विनियोजन विधेयक, २०७९ को विभिन्न शीर्षकहरुमाथि जारी रहने छलफल अर्न्तगत निम्नलिखित मन्त्रालयको विभिन्न शीर्षकहरुमाथि छलफल हुने ।

(क) परराष्ट्र मन्त्रालय,

(ख) ऊर्जा, जलस्रोत तथा सिंचाई मन्त्रालय, र

(ग) गृह मन्त्रालय ।

३. मा० श्री प्रेम सुवालले "विनियोजन विधेयक, २०७९ अर्न्तगत परराष्ट्र मन्त्रालय, ऊर्जा, जलस्रोत तथा सिंचाई मन्त्रालय र गृह मन्त्रालय शीर्षकको खर्च रकममा उल्लिखित रकम घटाईयोस्" भनी खर्च कटौतीको प्रस्ताव प्रस्तुत गर्नुहुने ।

४. मा० श्री दुर्गा पौडेलले "विनियोजन विधेयक, २०७९ अर्न्तगत ऊर्जा, जलस्रोत तथा सिंचाई मन्त्रालय र गृह मन्त्रालय शीर्षकको खर्च रकममा उल्लिखित रकम घटाईयोस्" भनी खर्च कटौतीको प्रस्ताव प्रस्तुत गर्नुहुने ।

५. मा० श्री दिपकप्रकाश भट्टले "विनियोजन विधेयक, २०७९ अर्न्तगत परराष्ट्र मन्त्रालय शीर्षकको खर्च रकमलाई घटाई एक रुपैयाँ कायम गरियोस्" भनी खर्च कटौतीको प्रस्ताव प्रस्तुत गर्नुहुने ।

६. मा० श्री गोकर्ण राज विष्टले "विनियोजन विधेयक, २०७९ अर्न्तगत ऊर्जा, जलस्रोत तथा सिंचाई मन्त्रालय शीर्षकको खर्च रकमलाई घटाई एक रुपैयाँ कायम गरियोस्" भनी खर्च कटौतीको प्रस्ताव प्रस्तुत गर्नुहुने ।

७. मा० श्री खगराज अधिकारीले "विनियोजन विधेयक, २०७९ अर्न्तगत गृह मन्त्रालय शीर्षकको खर्च रकमलाई घटाई एक रुपैयाँ कायम गरियोस्" भनी खर्च कटौतीको प्रस्ताव प्रस्तुत गर्नुहुने ।

डा. भरतराज गौतम
संघीय संसदको महासचिव